# ३१. श्री दिनेश अधिकारी

*[संवत् २०५७ आश्विन १३ गते रोज ६ का दिन आयोजित समारोहमा 'अतिरिक्त अभिलेख' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०५६ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री दिनेश अधिकारीले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १६४ बाट उद्धृत गरिएको हो।]*

सभाका आदरणीय सभापतिज्यू, आयोजक मदन पुरस्कार गुठीका पदाधिकारीहरू, उपस्थित समस्त आदरणीय महिला तथा सज्जनवृन्द !

प्रथमतः वि.सं. २००८ सालदेखि नेपाली भाषा, शिक्षा र साहित्यको क्षेत्रमा सक्रिय रही संस्थागत क्रियाकलाका माध्यमबाट विशेष गरी नेपाली भाषा र साहित्यको संवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएबापत नेपाली शिक्षा परिषद्, २०५६ सालको जगदम्बा-श्री पुरस्कारबाट सम्मानित भएकोमा परिषद्का सचिव श्री रमा शर्माज्यू मार्फत् नेपाली शिक्षा परिषद्लाई र 'जगदम्बा-श्री'को गरिमामय सम्मान नेपाली शिक्षा परिषद् जस्तो सम्मानित संस्थालाई प्रदान गर्ने निर्णय गरेकोमा मदन पुरस्कार गुठीलगायत सम्बन्धित सबैलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु।

२०५६ सालको मदन पुरस्कारका लागि 'अतिरिक्त अभिलेख' शीर्षकमा साझा प्रकाशनद्वारा प्रकाशित मेरो कवितासङ्ग्रह योग्य ठहर भएकोमा व्यक्तिगत रूपमा म आल्हादित त छँदैछु; थपमा, कविता-काव्यको क्षेत्रमा आफूभन्दा माथिल्लो र माथिल्लो मात्र होइन, अझै माथिल्लो पुस्ताले मात्रै यो पुरस्कारद्वारा सम्मानित हुने गौरव प्राप्त गरिरहेकोमा आफ्नो पुस्ताले पनि त्यो गौरव हासिल गर्न पाएको र त्यसको 'माध्यम' हुने अवसर मलाई प्राप्त भएको कारणबाट मेरो प्रशन्नता अझै चुलिएको छ। यस अर्थमा, कविताको क्षेत्रमा, मलाई प्राप्त भएको यो पुरस्कार मेरो पुस्ताले प्राप्त गरेको सम्मान हो भन्ने मैले ठानेको छु। भनिन्छ, प्रतिष्ठा कमाउनुभन्दा जोगाउन गाह्रो हुन्छ। मदन पुरस्कारले आफ्नो प्रतिष्ठा बचाएकै कारण यो पुरस्कार, आज यस रूपमा प्रतिष्ठित छ। यसको उच्च प्रतिष्ठाकै कारण मदन पुरस्कार ग्रहण गर्नुभएको जो कसैलाई पनि आत्म-गौरव हुने गर्दछ। यसबेला त्यो आत्मगौरवको अनुभूति मैले पनि गरिरहेको छु। गोपालप्रसाद रिमाल, मोहन कोइराला, ईश्वरवल्लभ जस्ता आफ्ना आदरणीय कविहरूले

ग्रहण गर्नुभएको यो सम्मान आफूले पनि थाप्न पाउनु त्यसैले पनि, मेरा लागि, आफ्नो साहित्यिक जीवनका सन्दर्भमा, अविस्मरणीय छ, अविस्मरणीय नै रही रहनेछ।

मान्छे भएर जन्मिनु जस्तो कविता लेख्नु होइन क्यारे ! मान्छे 'सानो' भएर पनि 'पूर्ण' जन्मन्छ। तर कविता ? थाहा छैन। त्यसैले कुन दिनदेखि कविता लेख्न थालें भनेर यकिन साथ भन्न सक्ने अवस्थामा अहिले म छैन। यत्ति हो– २०३३ सालदेखि मेरा कविताहरू छापिन थालेका हुन्। त्यसपछि अहिलेसम्मका दिनहरूमा निरन्तर रूपमा लेखिरहेकै छु।

परिभाषा, विज्ञानको विषय हो। कवितालाई निश्चित परिभाषाभित्र बाँधेर म यसको स्वतन्त्रतालाई हनन गर्न चाहन्न र कवितालाई निर्बन्ध देख्न म यसकारण पनि रुचाउँछु कि, मलाई लाग्छ, कविता भनेको खोलाको स्वभाव हो। पानी छ भन्दैमा पोखरी खोला हुन सक्तैन। कविता, पोखरी होइन।

मेरा लेखनको विषय, उद्देश्य र आग्रह पनि मान्छे हो। यस अर्थमा, मान्छेसँग जोडिएर आउने जुनसुकै पनि सन्दर्भ वा घटना मेरो लेखनको ऊर्जा हो। अर्को शब्दमा भन्ने हो भने, मान्छेसँग जोडिएर आउने प्रेम, घृणा, आक्रोश, वा वेदना जस्तै सामाजिक, आर्थिक वा राजनैतिक पक्षहरू पनि स्वाभाविक रूपमा त्यतिखेर मेरा लागि ग्राह्य हुन्छन्, जतिखेर म साहित्य लेखिरहेको हुन्छु।

लेखन, व्यक्तिगत कार्य भए तापनि सर्वाजनिकता यसको गुण हो भन्ने मान्यता राख्ने कारणबाट कवितामा सकेसम्म सरल भाषाकै प्रयोगलाई म रुचाउँछु र त्यही रूपमा 'कला पक्ष'लाई जोगाउन पनि म उत्तिकै सचेत रहने गर्छु।

मौलिकता, हरेक स्रष्टाको पहिलो खोजी हो। एउटै समय र एउटै विश्वको बासिन्दा हुनुको कारण, लेखनका सन्दर्भमा विषय वस्तुमा समानता भेटिन पनि सक्दछ मात्रै होइन भेटिने सम्भावना प्रायः प्रबल नै रहन्छ। यस अर्थमा, स्रष्टाको मौलिकता- उसको प्रस्तुतिको ढङ्गमा खोजिनुपर्दछ भन्ने मलाई लाग्दछ। यसलाई, अरू कसरी पनि भन्न सकिन्छ भने दाल, भात वा तरकारी हामी सबैको घरमा पाक्छ तापनि स्वादमा भने विभिन्नता पाइन्छ। 'स्वाद' को त्यो भिन्नता, जसले अरूबाट आफूलाई छुट्याउँछ, त्यही शिल्प वा प्रविधि (टेक्निक)लाई नै म महत्त्व दिन्छु र 'मौलिकता'को अर्थमा ग्रहण गर्न रुचाउँछु।

मेरो लेखन-यात्रा यिनै गल्छेडा, मोड र गोरेटो हुँदै आजसम्म अगाडि बढिरहेछ भन्ने कुरा विनम्रतापूर्वक यो विद्वत्सभासमक्ष जानकारीका लागि अनुरोध गर्दछु।

र अन्त्यमा, मेरो यो 'गन्थन'लाई ध्यानपूर्वक सुनिदिनुभएकोमा, उपस्थित सबैमा सम्मानका साथ धन्यवाद ज्ञापन गर्दै र यसका लागि मलाई यो अवसर उपलब्ध गराइदिनुभएकोमा मदन पुरस्कार गुठी परिवारप्रति हार्दिक आभार व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं अन्त्य गर्ने अनुमति चाहन्छु।

धन्यवाद !

⊠ ⊠ ⊠